
annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २६४ पृष्ठ ८ | काठमाडौं, मंगलबार १५ माघ २०८१ | मार्ग कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४५ | TUESDAY, JANUARY 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुर


नेपाल संस्कृत विश्वविद्यालय शोधार्थी संघ, नेपाल
Scholars' Association of Nepal Sanskrit University, Nepal (SANSU)

अध्यक्ष
मुकुन्दप्रसाद भण्डारी
उपाध्यक्ष
रघुविर भट्ट
सचिव
शंकर भण्डारी
सह-सचिव
माधवप्रसाद पौडेल
कोषाध्यक्ष
बिना खड्का
सदस्यहरू
कुशलदेव घिमिरे
मन्जरी प्रधान
दिपक खनाल
चारुभा घिमिरे

प.सं. २०८१/२०८२
च.नं. ०५
मिति: २०८१/१०/०७

श्रीमान् उपकुलपति ज्यू
नेसंवि उपकुलपतिको कार्यालय, वेलझुण्डी दाङ।

विषयः माग सम्बन्धमा।

प्रस्तुत विषयमा हामी विद्यावारिधि कार्यक्रममा सहभागी शोधार्थीहरू यो निवेदन गर्दछौ कि, शिक्षा प्राप्त गर्ने हरेक व्यक्तिको नैसर्गिक तथा मौलिक अधिकार हो। शिक्षा आर्जन गर्ने प्रक्रिया र शैक्षिक सेवा प्रवाहमा कहीं कतैवाट कुनै पनि प्रकारको अवरोध सिर्जना हुनु हुँदैन भन्ने मान्यता रहेको हुन्छ। स्वच्छ र स्वस्थ वातावरणमा आर्जन गरेको ज्ञान तथा सीप एवम् सेवा प्रवाह मार्फत नै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खालका नविन सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्यहरू सम्पादन हुन सक्छन्। हाम्रा विद्वत वृत्तिसम्वद्ध अनुसन्धानका कार्यक्रमहरू के कति कारणले अवरूद्ध भए ? किन हाम्रो भविश्य माथि खेलवाड गरियो ? किन एक वर्षसम्म पनि मौखिक अन्तरवार्ता लिइएन ? किन शोधनिर्देक र विषय विज्ञ तोकिएन ? किन विश्वविद्यालयमा अनुसन्धानका कार्यक्रम नियमित रूपमा सञ्चालन नगर्ने शुल्क तिरिरहनु पर्ने ? आदि गैर जिम्मेवार कार्यप्रति हाम्रो ध्यान आकृष्ट भएको छ। यस्ता गैर जिम्मेवार क्रियाकलापको घोर भर्त्सना गर्दछौ। तपसीलमा उल्लेखित हाम्रा मागहरू तत्काल पूरा गरियोस्। यदि माग पूरा नभए चरणवद्ध आन्दोलनको घोषणा गर्न वाध्य हुनेछौ। यसवाट विश्वविद्यालयको गरिमा माथि पर्न जाने हानीनोक्सानीप्रति विश्वविद्यालय नै जिम्मेवार हुनेछ।

तपसील :
१. कार्ययोजना निर्माण गरी अनुसन्धानका कार्यक्रमहरू अविलम्व सञ्चालन गरियोस्।
२. हामी शोधार्थीले तिर्ने मासिक शुल्क करार गरे अनुसार सो समय सीमासम्मको मात्र लिने व्यवस्था सुनिश्चित गरियोस्।
३. प्रविधि मूल्याङ्कन पछि अधिकतम् दुई महिनाभित्र विद्यावारिधि प्रदान गर्ने व्यवस्था लागू गरियोस्।
४. विश्वविद्यालयमा हुने विकृति र विसंगतिको अन्त गरियोस्।
५. विश्वविद्यालयमा अभिलेख प्रणाली व्यवस्थित गरियोस्।

कभर स्टोरी

# राजनीतिक भागबन्डाले लथालिंग संस्कृत विश्वविद्यालय

## ५ महिनादेखि तालाबन्दी, २ वर्षदेखि पीएचडीको नयाँ आवेदन ठप्प

संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्रमा हाल तालाबन्दी छ। यसले गर्दा २ सय ५० बढी विद्यावारिधि शोधार्थी (पीएचडी स्कलर) बिलखबन्दमा परेका छन्। विश्वविद्यालय भित्रको अति राजनीतीकरण र भागबन्डाले विद्यार्थीको भविष्यमाथि नै खेलबाड भएको छ। विश्वविद्यालयमा भएको राजनीतिक खिचातानीले दुई वर्षदेखि पीएचडीको नयाँ आवेदन पनि खुल्न सकेको छैन।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
– को रिपोर्ट





संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्रमा गरिएको तालाबन्दी। ● अशोक दुलाल

समाचार पृष्ठ २

# खेत पनि छैन, अब के खाने ?



**सन्तोष ढुंगेल** | *रामेछाप*

गत असोजमा गएको बाढीपहिरोले रामेछाप जिल्ला पनि अछुतो रहन सकेन। अझ कतिको त मानो रोपेर मुरी फलाउने खेतसम्म छैन। यस्तै भएको छ नबुघाटवासीलाई। आफ्नो नाममा भएको १५ रोपनी खेत र बारी असोज १२ मा सुनकोशीमा आएको बाढीले बगाएपछि मन्थली नगरपालिका–६ नबुघाटकी नीता माझीलाई अहिले खेतमा काम बित्यो भन्ने पिरलो छैन। पिरलो छ त ७ जनाको परिवार कसरी पाल्ने ?

बाढी गएको पाँच महिना भएको छैन। तर नीताको भकारी रित्तिइसक्यो। घरमा गेडो अन्न छैन। घरका स्कुल जाने चार छोराछोरी र वृद्ध अवस्थाका सासू, ससुरालाई मुखमा माड हाल्न कता जाउँ के गरौं भन्ने पिरलो छ। ऋण गर्दै धोक्राको चामल र अरू बेसाहा खोजेर धान्नु पर्दा माझी चिन्तित हुँदै गएकी छिन्। नजिकैको खुर्कोट बजारमा पुगेर धोक्रामा अन्न बेसाउँदा ऋण काढ्नुपर्ने बाध्यता छ। बास बस्ने घर र आगो बाल्ने दाउराबाहेक अहिले नबुघाट माझीले अरू मेरो भन्ने केही छैन। मन्थली नगरपालिकाको सबैभन्दा दक्षिणपूर्वी कुनाको झुरुप्प माझी बस्तीमा झन्डै ५० परिवारको बसोबास छ। ती सबै परिवारको पीडा नीता माझीको भन्दा फरक छैन। 'असोज १२ गते नबुघाटको लागि कालो दिन बनेर आइदियो', स्थानीय बद्रीबहादुर माझी भन्छन्, 'बाढीले सबैको बालीसहितको खेत पुरिदियो। अहिले सेतो बालुवाको बगर मात्र छ। कसको जग्गा कता हो ? भन्ने कुराको टुंगोसमेत छैन।' माझी ठूलो बालुवाको बगरको बीच भागमा उभिएर साँध छुट्ट्याउन खोज्छन्, तर यकिन सिमाना उनलाई अझै थाहा छैन। जता पनि बालुवाको थुप्रै, थुप्रोमात्र छ। 'यतै पर्थ्यो मेरो जग्गा', हातले इशारा गर्दै उनले भने।

सुनकोशीको बाढीले पारेका ठूला खाडल अनि बालुवाको ढिस्को अहिले पनि नबुघाटमा जस्ताको तस्तै छन्। 'अब बालुवा फालेर जग्गा बनाइदियो भने खेती गरौंला भन्ने आशा त छ', स्थानीय चक्रबहादुर माझी भन्छन्, 'अन्त गाउँमा पहिले खेती गरिआएको जग्गामा कोशी हिँडेको छ, धन्न नबुघाटको चाहिँ बालुवाले छोपिदिएर छिडिदियो। जग्गा पहिलोको जस्तै बन्ला अनि खेती गरौंला भन्ने माझीलाई आशा लागे पनि उक्त कार्य गर्न स्थानीयको बुताबाट सम्भव छैन।' गत वर्ष नबुघाटको जग्गामा स्थानीयले खर्बुजा उत्पादन गरेका थिए। बलौटे कमलो माटो भएकाले कृषि प्राविधिकले खर्बुजा लगाउन सुझाए। नभन्दै खर्बुजा मज्जाले फल्यो पनि।

» बाँकी पृष्ठ ६

### सत्तारूढ दलको बैठक

# संसद्मा एकढिक्का भएर प्रस्तुत हुने सहमति

**राधा खनाल** | *काठमाडौं*

सत्तारूढ दलहरूको बैठकले संसद्मा एकमत भएर अघि बढ्ने निर्णय गरेका छन्। प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारूढ दलहरूको बैठकमा सहभागी नेताहरूले अध्यादेश लगायतका विषयमा साझा धारणाका रूपमा प्रस्तुत हुनेमा सहमति जनाएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई सेवा दिन र विकास निर्माणका कामलाई गति दिन अत्यावश्यक भएका अध्यादेशहरूलाई संसद्को पहिलो दिन नै पेस गर्ने र छिट्टै प्रतिस्थापन विधेयक प्रस्तुत गरिने बताएका छन्।

संसद्मा प्रस्तुत हुने विषयमा नेपाली कांग्रेस र नेकपा एमालेले छुट्टाछुट्टै बैठक राखेर पनि एकढिक्का भएर संसद्मा जाने सहमति गरिसकेका छन्। १८ गतेको संसद्को पहिलो बैठकमा प्रधानमन्त्रीसहित शीर्ष नेताहरूले सम्बोधन गर्ने र संसद्को काम कारबाहीहरूमा सत्तारुढ दलहरू एक ठाउँमा उभिएर सशक्त र बलियो बनाउँदै लैजाने निर्णय भएको छ।

संघीय संसद्को हिउँदे अधिवेशनमा सत्ता पक्षको तयारी र सरकारका कामको प्रभावकारितालगायत विषयमा छलफल गर्न प्रधानमन्त्री ओलीले बैठक बोलाएका थिए। उनले संसद्लाई पर्याप्त बिजनेस दिएर कानुन निर्माणका कामलाई तीव्रता दिन राजनीतिक दल र सांसद्हरूको प्रभावकारी भूमिका आवश्यक पर्ने बताए। सत्तारुढ दलहरूको तयारी के कस्तो छ र संसद्मा कसरी प्रस्तुत हुँदै छन् भन्ने धारणा बुझ्न प्रधानमन्त्रीले बैठक बोलाएका थिए।

बैठकमा समसामयिक राजनीति, सरकार सञ्चालन गतिविधि, संसद् अधिवेशन लगायतका विषयमा छलफल भएको थियो। एमालेका मुख्य सचेतक महेश बर्तौलाले सत्तारुढ दलहरूले संसद्का काम कारबाही तथा सरकारका सकारात्मक कामका बारेमा एक ठाउँमा उभिएर अघि बढ्ने निष्कर्ष निकालेको जानकारी दिए।



उनले भने, 'संसद्को काम कारबाहीमा सत्तारूढ दलहरू एकै ठाउँमा उभिएर सशक्त ढंगबाट सरकारका सकारात्मक कार्यहरूप्रति समर्थन जनाउँदै अघि बढ्ने हो। यसमा मध्यनजर राख्न प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ। यी विषयमा नेपाली कांग्रेसका पार्टी सभापति शेरबहादुर देउवाले पनि सहमत जनाउनुभएको छ। विधेयक र अध्यादेश फरक भएकाले संसद्मा पेस गरिने र ठीक नलागेको अवस्थामा अध्यादेश फेल गर्ने अधिकार संसद्मा विद्यमान नै रहेको छ। यी विषयमा छलफल भएको छ।'

माघ १८ गतेदेखि संसद्को हिउँदे अधिवेशन सुरु हुँदै छ। अधिवेशन बन्द रहेको अवस्थामा सरकारले विभिन्न अध्यादेशहरू ल्याएको थियो। ती अध्यादेशहरू सरकारले पहिलो दिनको बैठकमा पेस गर्नुपर्छ। त्यसको तयारी, समसामयिक राजनीतिक परिवेशबारे सोमबारको बैठकमा छलफल भएको सत्तारूढ दलकै अर्का एक नेताले बताए। उनले भने, 'प्रधानमन्त्रीजीले प्रतिपक्षले के गर्छन् त्योसँग कुनै चासो भएन। सत्ता पक्षका हामी जति पनि छौं। सबै एक ढिक्का भएर उभिन पर्छ भन्ने उहाँको कुरा हो। यसमा प्रमुख पार्टीले सहमति जनाएका छन्।'

प्रधानमन्त्री ओलीको आह्वानमा बसेको बैठकमा कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहदुर देउवा, एमालेका उपाध्यक्ष एवं उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, कांग्रेसका नेता कृष्णप्रसाद सिटौला, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त 'सिके' राउत, जनता समाजवादी पार्टी नेपालका नेता राजकिशोर यादव तथा संसदीय दलका प्रमुख सचेतसमेत सहभागी थिए।

प्रतिनिधिसभाले तोक्यो क्यालेन्डर माघ १८ देखि सुरु हुने संसद्को हिउँदे अधिवेशनका लागि प्रतिनिधिसभाले क्यालेन्डर तयार गरेको छ। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले अधिवेशनको क्यालेन्डरका विषयमा विभिन्न दलका प्रमुख सचेतक र सचेतकसँग सोमबार छलफल गरेका छन्। संसद् सचिवालयका अनुसार माघ महिनामा प्रतिनिधिसभाका ७ वटा बैठक बस्ने भएको छ।

» बाँकी पृष्ठ ६




# त्रिदेशीय लिंक रोडको 'ब्रेक थ्रु'

**अनिष विष्ट** | *खाँदबारी*

त्रिदेशीय लिंक रोडको रूपमा रहेको किमाथांका-जोगवनी सडकको 'ब्रेक थ्रु' गरिएको छ। नेपालकै दुई मित्रराष्ट्र चीन-भारत जोड्ने छोटो सडकको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, रक्षामन्त्री मानवीर राई र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको उपस्थितिमा सोमबार 'ब्रेक थ्रु' गरिएको हो। 'ब्रेक थ्रु' पछि खाँदबारीदेखि किमाथांकासम्मको १ सय ५८ किलोमिटर सडकको दूरी जोडिएको छ।

» बाँकी पृष्ठ ६

